नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

**ई. पि. एस. कोरिया शाखा**

ग्वार्को, ललितपुर ।

मिति:-२०८२।१०।०८

## प्रेस विज्ञप्ती ।

HRD Service of Korea बाट लिईने कोरियन भाषा परीक्षा र Skill Test उत्तीर्ण गरी विभिन्न क्षेत्रका रोष्टरमा रही दक्षिण कोरिया जान प्रतिक्षामा रहेका व्यक्तिहरुले विगत केही दिन अघि देखि विभिन्न मागहरु जस्तै: रोष्टर अवधी थप, रोष्टरमा भएको ९०% पासरहरुको रोजगारी सुनिश्चितता, First Come First Service अनुसार ईस्सुको प्रबन्ध मिलाउने, रोष्टरमा रहेकालाइ प्रथम प्राथमिकता दिई दोश्रो चरणको परीक्षा गराउने, क्षेत्र परिवर्तन र हरेक पासरहरुको कम्तिमा २० देखि २५ पटक सम्म रोजगारदाताको मागसँग Profile Matching को सुनिश्चितता गरियोस लगायतका राखी यस शाखा तथा CBT/UBT हल, भैसैपाटी अगाडी धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यहरु गरिरहेको सन्दर्भमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग र ई.पि.एस. कोरिया शाखा निजका मागहरु प्रति गम्भीर एवं सम्वेदनशील रहेको छ । साथै, निजहरुको समस्या सामाधानका लागि सरकारी तर्फबाट निम्नानुसारका पहल भइरहेको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

- मागकर्ताहरुले राखेका मागका बिषयमा यस शाखाले दैनिकजसो मागरत पक्ष, HRD Service of Korea, EPS Center-Nepal संग समस्या सामाधानका लागि पत्राचार, बैठक, संवाद र छलफल गरिरहेको ।
- मिति २०८२।०९।१८ गते मागकर्ताका प्रतिनिधिहरुसँग श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएका सहमती/निर्णय अनुरुप मन्त्रालयले सम्बन्धित मुलुकमा कुटनितिक पत्राचार गरिसकिएको र तहाँबाट जवाफ आए पश्चात एक उच्च स्तरिय टोली समस्या सामाधानार्थ छिट्टै दक्षिण कोरिया प्रस्थान गर्ने ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट समस्या सामाधानका लागि गठित छानबिन समितीले विस्तृत प्रतिवेदन मन्त्रालयमा पेश गरिसकेको र सो प्रतिवेदनमा औंल्याइएका सुझावहरु क्रमश: कार्यान्वयन हुने ।
- हिजो मिति २०८२।१०।०७ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मागकर्ताका प्रतिनिधी सहित श्रीमान् प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको छलफल बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मा. मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, मन्त्रालयका प्रवक्ताज्यू, महानिर्देशकज्यू, वैदेशिक रोजगार विभाग र यस शाखाका निर्देशकज्यू लगायतका पदाधिकारीसँग समस्या सामाधानका लागि मिति २०८२।१०।०८ गते देखि निरन्तर वार्ता एवं छलफल भइरहेको ।
- मागरत पक्षले उठाएका विषयबस्तुहरुलाई लिपिबद्ध गरी आफ्ना मागहरु लिखित रुपमा तयार गर्ने र योग्य सूचीमा भएर पनि दक्षिण कोरिया जान नपाएका सहभागीहरुको जान नपाउनुको कारणमा कुनै कर्मचारी, व्यक्ति वा संस्थाको संलग्नता एवं कमिकमजोरी भएको पाइएमा छानबीन एवं अनुसन्धान गरी कानून बमोजिम कारवाहीको दायरामा ल्याईने ।

पुनश्च:- कोरियन भाषा परीक्षा उत्तिर्ण गरी योग्य सूचीमा रहेका मागरत पक्षका दाजुभाई दिदिबहिनीको दक्षिण कोरियाको रोजगारी सुनिश्चितताका लागि यो कार्यालय हरसम्भव प्रयासरत रहेको व्यहोरा जानकारी गराउँदै वार्ताको माध्यमबाट मात्रै समस्या सामाधान हुने हुँदा धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यहरु नगर्न नगराउन हुन यो कार्यालय हार्दिक अपिल गर्दछ ।

२०८२।१०।०८

टिकाराम ढकाल

निर्देशक